नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४०२५
५४२२०५६ | ५५२२०५९
५४२५०३३ | ५३५०३१०
५४३१००७ | ५३५०७१९

वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :- ०८०/८१
चलानी नं. :- ९९ (प.प.रो.अ.प्रि.शा.)

मिति: २०८१/१/२

**विषयः- लम्पी स्किन रोग विरूद्धको खोप पठाइएको सम्बन्धमा।**

श्री पशुपन्छी रोग अन्वेषण प्रयोगशाला,
वीरेन्द्रनगर, सुर्खेत।

उपरोक्त सम्बन्धमा कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूमा लम्पी स्किन रोग नियन्त्रणका लागि आवश्यक भ्याक्सिन वैंक प्रयोजनार्थ लम्पी स्किन रोग विरूद्धको खोप १०००० (दश हजार) डोज पठाइएको व्यहोरा अनुरोध छ। कर्णाली प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरूमा आवश्यकता र जोखिमका आधारमा लम्पी स्किन रोग विरूद्धको खोप वितरण गर्नु हुन अनुरोध छ। खोप वितरण सम्बन्धी प्रगति विवरण यस विभागमा उपलब्ध गराइदिनु हुन निर्देशानुसार अनुरोध छ।

२०८१/०१/०२

.................................
डा. मुकुल उपाध्याय
वरिष्ठ पशु चिकित्सक

__बोधार्थः__
श्री लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना, हरिहरभवन, ललितपुरः उल्लेखित मात्रा अनुसारको खोप Cold chain व्यवस्थापन सहित ढुवानीको व्यवस्थापनको लागि।
श्री पशुपन्छी विकास निर्देशनालय,कर्णाली प्रदेश,सुर्खेतः लम्पी स्किन रोगको जोखिम न्यूनीकरणको लागि खोप कार्य सञ्चालनमा सहजीकरण गर्न हुन र सो सम्बन्धमा पशु सेवा विभागलाई समेत जानकारी गराइदिनु हुन।
श्री राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वरः उल्लेखित मात्रा अनुसारको खोप Cold chain व्यवस्थापन सहित पठाउने व्यवस्थाको लागि।



CamScanner

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

☎ ५५२१६१०, ५५२२०५६, ५५२५७३३, ५५३१००७ | ५५४४७२५, ५५२२०५९, ५३५०७१७, ५३५०७१९
वेबसाइट: www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :- ०८०/८१
चलानी नं. :- ९६ (व.प. चि.अ.चि.का)

मिति: २०८१/१/२

**विषय:- लम्पी स्किन रोग विरूद्धको खोप तथा खोप सामग्री पठाइएको सम्बन्धमा।**

श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
कर्णाली प्रदेश,सुर्खेत।

उपरोक्त सम्बन्धमा कर्णाली प्रदेशका विभिन्न जिल्लाहरूमा लम्पी स्किन रोग नियन्त्रणका लागि लम्पी स्किन रोग विरूद्धको खोप तथा खोप सामग्री पठाइएको पठाइएको व्यहोरा अनुरोध छ। कर्णाली प्रदेश अन्तर्गतका जिल्लाका स्थानीय तहहरूमा खोप कार्य सञ्चालन गर्न र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाट खोप कार्य सञ्चालन भए पश्चात सो को प्रभावकारी अनुगमन गर्न पशुपन्छी रोग अन्वेषण प्रयोगशाला सुर्खेत र केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वरलाई सहजीकरणको लागि अनुरोध छ। खोप कार्यक्रम सम्पन्न भए पश्चात यथाशिघ्र प्रगति विवरण यस विभागमा उपलब्ध गराइदिनु हुन निर्देशानुसार अनुरोध छ।

**तपसिल:**

| सि.नं. | जिल्ला | खोप (डोज) | सिरिन्ज (सङ्ख्या) | निडिल (सङ्ख्या) | पहिचान स्प्रे (बोतल) | कटन रोल (गोटा) | स्प्रिट (बोतल) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुर्खेत | १८००० | १८०० | २०००० | १२ | १८ | २४ | |
| २ | दैलेख | १८००० | १८०० | २०००० | १२ | १८ | २४ | |
| ३ | सल्यान | २१००० | २१०० | २०००० | १२ | २१ | २४ | |
| ४ | जाजरकोट | ९००० | ९०० | १०००० | १२ | ९ | २४ | |
| ५ | जुम्ला | ९००० | ९०० | १०००० | १२ | ९ | २४ | |
| ६ | कालीकोट | ९००० | ९०० | १०००० | १२ | ९ | २४ | |
| ७ | हुम्ला | ३००० | ३०० | ३००० | १२ | ३ | २४ | |
| ८ | डोल्पा | ३००० | ३०० | ३००० | १२ | ३ | २४ | |
| ९ | मुगु | ६००० | ६०० | ६००० | १२ | ६ | २४ | |
| १० | रूकुम पश्चिम | ९००० | ९०० | १०००० | १२ | ९ | २४ | |

२०८१/०१/०२
.............................
डा. मुकुल उपाध्य
वरिष्ठ पशु चिकित्सक

**बोधार्थ:**

**श्री लाइभस्टक सेक्टर इन्नोभेसन आयोजना, हरिहरभवन, ललितपुर:** उल्लेखित मात्रा अनुसारको खोप Cold chain व्यवस्थापन सहित ढुवानीको व्यवस्थापनको लागि।

**श्री पशुपन्छी विकास निर्देशनालय, कर्णाली प्रदेश,सुर्खेत:** लम्पी स्किन रोगको जोखिम न्यूनीकरणको लागि खोप कार्य सञ्चालनमा सहजीकरण गर्न हुन र सो सम्बन्धमा पशु सेवा विभागलाई समेत जानकारी गराइदिनु हुन।

**श्री केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर:** आवश्यक सहजीकरण तथा खोपको प्रभावकारिता अनुगमनका लागि समन्वय गर्नु हुन।

**श्री पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, सुर्खेत:** आवश्यक समन्वयमा खोप तथा खोप सामग्रीको वितरण तथा खोपको प्रभावकारिता अनुगमनका लागि समन्वय गर्नु हुन।

**श्री राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वर:** उल्लेखित मात्रा अनुसारको खोप Cold chain व्यवस्थापन सहित पठाउने व्यवस्थाको लागि।

**श्री पशु अस्पताल तथा पशु सेवा कार्यालय, दैलेख, सल्यान, जाजरकोट, जुम्ला, कालिकोट, हुम्ला, डोल्पा, मुगु, रूकुम पश्चिम:** समयमा खोप कार्य सञ्चालन गर्ने, खोप कार्य पश्चात खोपको प्रगति यथाशिघ्र पठाउने व्यवस्थाको लागि, खोपको दाखिला गरी दाखिला प्रतिवेदन यस विभागमा पठाउन हुन।



CamScanner